


अध्याय १०

हिजोदेखि आजसम्म

द्वन्द्वको रक्तपातले मानिसको जीवनलाई प्रभावित गरे तापनि धेरैका अनुसार सुरीमा बीस वर्षअघिकोभन्दा अहिलेको अवस्था सुध्रिएको छ र मेरो पनि यही विचार छ । सुरीका गाउँलेहरु अहिले राम्रो खाना, पहिरन तथा सूसूचित छन् र त्योभन्दा पनि उनीहरु जागरुक भएका छन् । तर मलाई यो यहाँ मात्रै लागू हुन्छ जस्तो लाग्दैन, नेपालको परिप्रेक्ष्यमा उनीहरु अलि बढी सुखी देखिए तापनि यो परिवर्तन नेपालभरि नै लागू हुन्छ । तर दुर्गम क्षेत्रमा आमूल परिवर्तन भने कल्पना गर्न कठिन छ ।

अझै पनि सुधार गर्ने धेरै ठाउँ भए पनि स्वास्थ्य र शिक्षाका दुवै क्षेत्रमा नेपालले ठूलो फड्को मारेको छ । बीस वर्षअघि सुरीका अधिकांश विधार्थीले कक्षा सातभन्दा माथि पढ्न पाउँदैनथे । पढाइ छोड्नुको कारण घरबाट कोसौं टाढा धाउनुपर्ने वा घरबाट धेरै पर रहेर बस्नुपर्ने वा नातेदारकोमा बस्नुपर्ने बाध्यता थियो । यस्तो बन्दोबस्त गर्नु अलि महँगो भएकाले छोरामा मात्रै लागू हुन्थ्यो । छोरीहरु यत्तिकै पनि बिहे गरेर पठाइन्थे र खासमा भन्ने हो भने त्यत्तिखेर पढेलेखेका केटीहरुलाई केटा पाउन कठिन हुन्थ्यो । अहिले सुरीमा एस्.एल्.सीभन्दा पनि माथि आई.एसम्म पढ्न पाउने सुविधा छ । यसको साथसाथै छात्रावासको पनि सुविधा छ -जसलाई नजिकैका चार गाविसले पनि उपयोग गर्न पाएका छन् । म सुरीमा हुँदा श्री हलेश्वर हाईस्कूलका विद्यार्थीको बिदाइ समारोह परेको थियो र मलाई पनि निमन्त्रणा पठाइएको थियो ।[1]

डायरी : अप्रिल २००९

यी युवाहरु मलाई टोलाएर हेरिरहेका थिए र उनीहरुका अनुहारमा मिश्रित मुद्रा देखिन्थ्यो, उनीहरु अलि डराएजस्तो देखिन्थे । केटीहरु अलि डराएजस्तो देखिएका थिए तर उनीहरु फेसनेवल सलवार कुर्तामा सजिएका थिए । उनीहरुले लगाएका कपडा सजिलै च्यातिनेजस्तो देखिन्थ्यो र त्यो कपडा सहरका लागि भए उचित हुन्थ्यो तर गाउँका लागि भने त्यत्ति उचित थिएन । आज मातातीर्थ औंसी, यो दिन छोराछोरीले आमाको मुख हेर्ने गर्छन् र आमाको हातबाट रातो टीका लगाएर आशीर्वाद लिन्छन् । अविर, चामल र दही मिसाएर अक्षता बनाउँछन् । सबै केटीहरुले यही रातो टीका लगाएका छन् र ती टीका अहिले निधारभरि फैलिएका छन् । केटाहरु भने अलि निस्फिक्री देखिन्थे, टिसर्ट र झोलिएका पाइन्ट लगाएका केटाहरु भने अलि ढिला आएका थिए । पहिले देखिएको केटीहरुको हूलमा पछि केटाहरु आएपछि केटाकेटीको संख्या बराबर जस्तो देखिन्थ्यो ।

यस समारोह शिक्षकहरुले विद्यार्थीको मिहिनेतको सह्राना गर्न, उनीहरुलाई बिदा दिन तथा अब केही दिनमै आउन लागेको परीक्षाका लागि शुभकामना दिन गरिएको थियो । केहीले भाषण दिए र पुरस्कार पनि वितरण गरियो । विद्यार्थीहरु विभिन्न जातजातिका थिए । मलाई पनि केही भन्न बोलाइयो तर उनीहरुको अनुहारका भावले मैले बोलेका कुरा केही नबुझेको महसुस गरें किनकी अँग्रेजी अहिले पनि त्यहाँ त्यत्ति प्रयोग हुँदैन र उनीहरु यस भाषाका त्यत्ति

जानकार पनि छैनन् । तर पनि गाउँका लागि भने यो उदाहरणीय नै थियो । पोहोर एस्.एल्.सी दिएका सबै र यो साल आई आए दिएका २८ मध्ये २७ पास भए - जसलाई अति नै उत्तम नतिजा मान्नुपर्छ । यसको प्रमुख कारण भने यहाँका शिक्षक नै हुन् जो देशभरिकै विभिन्न जिल्लाबाट आएका छन्(कोही सुदूर पश्चिमको जिल्ला दार्चुलाबाट पनि)। तर यहाँ हौसला दिने खालका सुविधा छैनन् तर ती सबै आफ्नो काम जिम्मेवारीपूर्वक गर्छन् । यहाँका पक्की भवनहरु भएता पनि टिनका छाना चुहिने खालका छन् । विज्ञान विषयका लागि सामग्री भनेको नै मानव शरीरको र पृथ्वीसँग सम्बन्धित दुई रङ्गीन पोस्टरहरुको सँगै केही धूलोका पत्र जमेका टेस्ट ट्युब मात्रै छन् । पुस्तकालयको भने अवस्था अलि ठीक छ तर त्यत्ति धेरै किताब भने छैनन् । यदि म विद्यार्थी भएकी भए अवश्य पनि अनिवार्य अँग्रेजीका किताबले मलाई आकर्षित गर्ने थिएन । गाउँमा भएको स्कूलले गर्दा आजकल केटाकेटीले गाउँमै स्कूल जान पाएका छन् जुन अवसरहरु पहिले थिएनन् ।

अहिले सुरीमै निजी माध्यमबाट पढाइने अँग्रेजी विद्यालय खुलेको छ । मैले सोधेकाहरुले मिश्रित उत्तर दिएका थिए : एक त उनीहरुले छान्ने मौका पाएका छन् र यदि अँग्रेजी पनि पढाइन्छ भने त्यो गाउँका लागि ठूलै अवसर हो । तर शुल्क पनि लाग्ने हुनाले  धनी परिवारको मात्र यसमाथि पहुँच पुगेको छ र अवसर पनि उनीहरुलाई नै जुटेको छ ।

स्वास्थ्य तथा शिक्षामा भएका सुधार विकासका न्यूनतम आधारहरु हुन् तर मलाई चकित पार्ने पक्ष भनेको यहाँका मानिसको विचारमा आएका परिवर्तन हुन् । व्यक्तिगत तथा सामाजिक स्तर दुवैमा घट्दो सामाजिक भेदभाव अझै घट्ने कुरामा म विश्वस्त छु ।[2] यहाँ अहिले भाग्यवादमा विश्वास गर्नेहरुको पनि कमी देखिन्छ ।

सामाजिक भेदभाव अझै पनि कायमै छ । बीस वर्षअघिको सामाजमा रहेको जातीय वर्गीकरण अहिले पनि यथावत् छ र जातले आज पनि मानिसको जीवनलाई डोर्‍याउँछ । अहिलेको ठूलो परिवर्तन भनेको यी भेदभावलाई आज चुनौती दिन सकिन्छ । मैले पहिले पनि भनेकी थिएँ म त्यत्तिखेर खुलेर कामीसँग बसेर खान सक्दिनथैं र उनीहरुले म पनि उनीहरुसँग बसेर खान्छु भन्ने आश गर्दैनथे । उनीहरु जहिले पनि र जहाँ हुन सक्थे तर साधारण नै रहन रुचाउँथे ।[3] उनीहरु यथास्थितिवादीलाई चुनैती दिएको भित्रभित्रै रुचाउँथे तर सार्वजनिक रुपमा खुलेर भन्न डराउँथे । तर अहिले यो कुरा लागू हुँदैन र केहीका लागि दलित हुनु भनेको गर्वको विषय पनि बनेको छ । अर्को परिवर्तन जुन जातसँग जोडिदैन र त्यो हो लुगा सिलाईको काम । बोरोले र सिंगटीमा खुलेका स-साना टेलरको पसलले पनि यसलाई पुष्टि गर्छ । यदि उचित कुशलता छ भने टेलरिङ्ग सबै जातका महिलाको कमाउने माध्यम बनेको छ ।

ड्यारीः सेप्टेम्बर २००७

अहिले झमक्कै साँझ परेको छ र हामी भर्खरै सिंगटी पुगेका छौं र मलाई सुरी जानमा आफूसँग पर्याप्त लुगा नभएकाले अलि दिक्क लागिरहेको छ । केही मिटर कपडा किनियो र मेरा साथीहरुले मलाई विश्वास दिलाउनुभयो कि उहाँहरुले राम्रो टेलरलाई चिन्नुभएको छ -जसले राम्रो लुगा सजिलै र चाँडै सिलाउन सक्छ । मैले नाक्पामा नै चिनेको कल्पना खड्काले हाँस्दै स्वागत गर्दा म अचम्मित भएँ । उसले मेरो नाप लिंदै गर्दा उसले मलाई उसको बुबाको स्वर्गवास, आमाको खस्कँदों स्वास्थ्य र काठमाडौंमा उसका भाइबहिनीले खेप्नु परेका समस्याका बारेमा बताई । मैंले विशेषगरी उसकी बहिनी इसुको बारेमा सोधेँ जोसँग म जुका भरिएका वनमा आलु खन्न गएकी थिएँ । इसु जो भागेर काठमाडौं गएर आफैले खोजेर बिहे गरेकी थिई उसको अवस्था त्यत्ति राम्रो छैन भन्ने मैले बुझें । कल्पनाले भने बिहे गरेकी छैन र उसलाई आफ्नो स्वतन्त्रता प्यारो भएको पनि उसले बताई । केही समयका लागि उसले सामुदायिक वन उपभोक्ता समिति महासंघका (फेकोफन) लागि काम गरी र नेपालका केही जिल्ला पनि घुमी तर उसलाई सिंगटी नै मनपर्छ रे । उसकी आमा र भदाभदै पनि उसँग बस्छन् । उनीहरु यहींको स्थानीय स्कूल

जान्छन् । कल्पना आफ्नो पसलमा मात्र व्यस्त नभई अरु महिलाहरुलाई सिलाई कटाईको तालिम पनि दिन्छे । उसका अनुसार उसको कमाई पर्याप्त छ । अर्को दिन ऊ ६.३० बजे हाम्रो सानो होटेलमा राम्ररी सिलाएको कपडा लिएर आई ।



मैले महिलाहरुको स्थानमा आएको परिवर्तनका बारेमा लेखेकी छु तर सायद मैले आमाकोभन्दा छोरीकालागि फराकिलो भएका अवसरका बारेमा जोड दिएकी थिइनँ । रुक्मणी कार्की जसले आफ्नो भाइको किताब कापी हेरेर पढ्न सिकेकी थिई -उसले बडो गम्भिरतापूर्वक भनी "मेरो लागि उच्च माध्यामिक स्कूल जानु भनेको सपनामा सोच्न सक्ने अवस्था थिएन ।" तर आज यी कुरा उसकी छोरीहरुमा लागू हुँदैन । तर पढ्न पाएका छोरीहरुबाट पनि बिहेको नै अपेक्षा राखिन्छ र अर्को प्रश्न के उठ्छ भने विवाहपछि उनीहरुको जीवन पनि उनीहरुकै आमा र सासूबाट कसरी पृथक हुन्छ ? यसमा उनीहरुको श्रीमान्का विचारमा भर पर्छ । महिलालाई बिहेबाट टाढा रहन र बीस वर्षको सुरुवातमै बिहे नगरे आफ्नै परिवार र समाजबाट उपेक्षित हुने डर बढी हुन्छ ।[4] आफ्नै खुट्टामा उभिने महिलाले मात्रै एक्लै जीवनको कल्पना गर्न सक्छन् ।

जनजातिमाथि गरिने भेदभाव त्यत्ति सजिलै देखिँदैनथ्यो तर उनीहरु सिमान्तकृत थिए भन्ने चाहिं सजिलै थाहा हुन्थ्यो । आज सुरीका जनजातिमध्ये खासगरी : तामाङ्ग, शेर्पा, सुनुवार, सुरेल तथा गुरुङ्गमा, आफ्नो परिचयलाई लिएर आएको परिवर्तन र स्वाभिमान पनि सजिलै देख्न सकिन्छ । धार्मिक आस्थामा आएको परिवर्तन त मैले पहिले नै उल्लेख गरिसकेकी छु तर आफ्नो जातित्वमाथिको गर्व भने धर्मभन्दा पनि माथि उठेको छ र यो लहर देशभरि नै देख्न सकिन्छ । यो विशेषगरी सुनुवार र सुरेलमा लागू हुन्छ । बीस वर्षअघि जातित्व भनेको पारिवारिक र परस्पारिक सम्बन्धमा आधारित थियो । तामाङ्गको दाँजोमा सुरीकै बासिन्दा भए पनि सुनुवार/सुरेलहरुले आफ्नै भाषा तथा र

ीतिलाई त्यत्ति पछ्याएको पाइनँ । तर आजकल सुरेलहरु आफूलाई सुनुवारबाट हटाउन खोजिरहेका छन् र उनीहरु आफ्नो परिचयलाई सुरेल बनाउन नागरिकता समेत परिवर्तन गर्न तयार छन् । उनीहरुले यसो गर्नुको एक कारण हो सरकारले उनीहरुलाई अल्पसंख्यकको रुपमा सूचीमा राख्नु जस अनुरुप उनीहरुले केही सहुलियत पाउँछन् ।[5] तर यो मात्रै कारण भने होइन,उनीहरुको भाषामा विशेष चाख भएका जर्मन भाषाविद्का कारण पनि उनीहरु आफ्नो परिचय बनाउन लालायित छन् ।[6]

तामाङ्ग तथा सुरेलहरुमा देखिएको पारस्परिक सहयोग र ऐक्यबद्धता र सामाजिक कार्यमा संल्गन हुन खोलिएका संस्था उदाहरणीय छ । उनीहरुको संस्था विशेषगरी सहकारी छन् तर यिनले सदस्यलाई बेलाबेलामा विभिन्न समसामयिक विषयमा छलफल गर्ने अवसर पनि प्रदान गर्छ ।[7] उनीहरु अवश्यै पनि जरुरतकै कारण अघि आएका हुन् र नेपालभरि नै यस्ता समूहहरु संगठित हुँदै आएका छन् । पहिले ऋण लिनु भनेको अति नै आवश्यक नभएसम्म लिइदैनथ्यो किनकी ब्याज दर साह्रै नै बढी हुन्थ्यो । तर कुनै पनि कर्म (बिहे, क्रिया वा उपचार)गर्न  पनि पैसाको आवश्यकता पर्दथ्यो त्यसैले ऋण लिनु नै अन्तिम विकल्प हुन्थ्यो । सकेसम्म नातेदारसँग ऋण लिन्थे तर त्यो नभए गाउँकै कोही धनी व्यक्तिसँग लिइन्थ्यो । तर ब्याज दरमा केही फरक नआएपनि नातेदारसँग लिँदा केही समय यताउति हुँदा त्यत्ति समस्या भने हुँदैनथ्यो । सुरीमा उधारो लिन धेरै क्षत्रीकोमा नै जान्थे, त्यो पनि विशेषगरी एर्मुमा बढी जान्थे । ब्याज दरका बारेमा त्यत्ति खुलेर कुरा गर्दैनथे र एर्मुमा कति ब्याजमा लगाउँथे भन्ने मलाई थाहा छैन तर गाउँमा त्यत्तिखेर वार्षिक ६० प्रतिशत थियो । यो धनीलाई अझै धनी बनाउने र गरीबलाई झन् गरीब बनाउने प्रक्रिया थियो ।

अहिले खुलेका संस्थाहरुले एकदमै कम ब्याज दरमा ऋण दिने गर्छन् । तामाङ्ग तथा सुरेलले खोलेका समूह उनीहरुले आफै खोलेका हुन् भने सामुदायिक वन उपभोक्ता समिति तथा महिला स्वास्थ्य समूहहरु भने बाहिरी कार्यक्रमको मद्दतबाट चलेका छन् । सुरीमा पनि यस्ता धेरै समूह छन् जो स्वीस विकास सहयोगका अनुसार गाउँमा यति धेरै समूह हुन सक्छन् कि गाउँलेहरु एउटा छलफलबाट अर्कोमा जाँदै दिनभरि व्यस्त हुन्छन् । यो निष्कर्ष गलत भने होइन तर यस्ता छलफललाई उनीहरुका लागि विभिन्न ठाउँमा सहभागी हुने र ज्ञान तथा अनुभव बटुल्ने अवसरका रुपमा पनि लिन सकिन्छ ।

अहिले सबैले व्योहर्न सक्ने गरी वार्षिक २४ प्रतिशत ब्याज दरमा यी सामुदायिक सहकारीले ऋण दिएका छन् । पश्चिमी मुलुकतिर जहाँ केवल २ देखि ३ प्रतिशतको दाँजोमा पाइन्छ यो दर बढी नै हो तर पनि गाउँलेहरु ऋण लिन्छन् र तिर्छन् पनि । जीवनलाई अर्को दिशातर्फ लग्ने एउटा श्रोत उधारो पनि मानिन्छ । अध्याय ६ मा उल्लेख गरिए अनुसार हेम बहादुर र जिराले सिमित समयकालागि आफ्नो उधारोलाई हिसाब गरेकाले पनि देखाउँछ कि मानिसहरु कहिलेकाहीं ऋणलाई नै आफ्नो जीवनस्तर उकास्ने माध्यम बनाउँछन् । तर ऋण लिनुमा जोखिम पनि अति नै धेरै हुन्छ । [8]  सजिलै पाइने उधारोले गर्दा विशेषगरी थोरै पूँजी भएकाहरुलाई गाउँमा कसरी र के कुरामा उधारो लिने भन्ने सल्लाहकारको बडो जरुरत देखिन्छ । यो पश्चिममा रहिआएको लहरभन्दा केही फरक छैन ।

राजनीतिक चेतनाले सुरी गाउँ र नेपालभरि नै मानिसमा उज्ज्वल भविष्यको आशा जगाएको छ । देशमा रहेको आन्तरिक द्वन्द्वले पनि मानिसहरुलाई कुनै न कुनै राजनैतिक पार्टीसँग संलग्न गराएको छ । तर सबै मानिसहरु आफ्नो राजनैतिक साँठगाँठका बारेमा खुलेर कुरा गर्दैनन् तर लगभग सबै मानिसले को-कोसँग आबद्ध छन् भन्ने कुराको लख् काट्छन् । यी कुराहरु स्थानीय निर्वाचन भएपछि सजिलै बाहिर आउनेछ  तर पनि पूरै शक्ति हेरफेर हुन भने केही समय पक्कै लाग्नेछ । तीनैवटा राजनैतिक पार्टीका प्रतिनिधि सबै क्षत्री हुनुमा कुनै संयोग होइन ।

मानिसहरुमा आएको परिवर्तन र चेतनाको अर्को कारण सर्वसुलभ भएको सञ्चार माध्यम पनि हो । सुरीमा पनि टिभीमाथिको पहुँच सजिलो भएको छ । टिभीले विश्वको समाचार ल्याउनुको साथसाथै हिंसा तथा उदेक लाग्दो पश्चिमी सभ्यताको प्रभाव पनि मानिसमा परेको छ । यी कुराहरुले पक्कै पनि मानिसको मनमस्तिष्कमा गहिरो छाप पार्छ । [9] टेलिभिजनको लागि अवश्य पनि बिजुलीको जरुरत छ, जुन सुरीमा बल्लबल्ल सानो जलविद्युत परियोजनाबाट आएको छ । बिजुली पहिले काप्तीका गुरुङ्गको वस्तीमा आएको थियो र पछि अरु योजनाहरु पनि आए । यस किसिमको योजना  स्थानीय बासिन्दा तथा गाउँलेको देनबाट नै आएको हो । सन् २०१० देखि सुरीका सबै ठाउँमा बिजुली पुगेको छ तर निरन्तर भने आउँदैन र भोल्टेज पनि कम छ -जसबाट केही बल्ब मात्रै बल्छन् ।

ड्यारी :सन् २००९

राधिका रातिको खाना पकाइरहेकी छे र म ऊसँग सधैंजसो चूल्होबाट अलि टाढा रहेर आज दिनभरिको कुरा गर्दैछु । हाम्रो कुराकानीको मुख्य विषय भनेको सुरीको बिजुली रहेको छ । यतातिर हिंड्दै गर्दा मैंले बिजुलीका लट्टाहरु झुकेका र त्यसमा रहेका तारहरु देखें । राधिकाको अनुसार आज साँझ बत्ती आउँछ रे । राधिकाको टाढाको नातेदार जो पढ्नका लागि यहीं राधिकासँग बस्छ हस्याङफस्याङ गर्दै आज स्वीच खोलिने बतायो । ऊ सानो झ्यालबाट टाउको छिराएर हामीलाई बताउँछ कि त्यहाँ साँच्चिकै बिजुली आएको छ । राधिका उठेर हेर्छे र मलाई पनि हेर्न भन्छे । त्यो हेर्नका लागि मलाई चूल्हो भएतिर जानुपर्छ तर बाहुन नभएकाले म त्यहाँ जान सक्दिनँ । मैले आफ ्नो सीमा पहिला आमाले घर चलाउँदा पनि नाघेकी थिइनँ तर राधिकालाई मतलब छैन र मलाई फेरि बोलाउँछे त्यसै ले म पनि अघि बढेर हेर्न गएँ । पहाडको तलमाथि हुँदै अँध्यारोमा ससाना बत्तीहरु बलेका छन् । सुरीमा साँच्चिकै बिजुली आएको छ र केही मानिसहरु कराइरहेका छन् तर त्यत्ति राम्ररी सुनिंदैन । राधिकाको घरमा पहिले नै सोलारको बत्ती भएकाले उसको नातेदार किन त्यत्ति खुसी भएका हुन् बुझ्न सकिनँ ।



बिजुली आउनुलाई बाहुनका अनुसार पुण्यको परिणाम माने पनि यसलाई विकासको आधार मान्नुपर्छ । यो केवल सुर ीका बासिन्दाले खर्चेको पैसा र पर्खेको समयको परिणाम हो -जुन उनीहरुले आधुनिक जीवनको आशमा ल्याएका हुन् । अझै भरपर्दो र बढी भोल्टेज भएको बत्ती पनि अब टाढा छैन । माथिल्लो तामाकोशीको ठूलो जलविद्युत बाँध बनिसकेपछि सुरी पनि सरकारी बिजुलीसँग जोडिनेछ । तल सिंगटीको बजारमा थुप्रै टिभी तथा विद्युतीय सामान बेच्न राखिएका छन् जुन ठूलो आवाजमा घन्किरहन्छन् । अब गाउँमा टिभी जतातत्तै नभेटिए अचम्मै हुनेछ । यी सबै विकास पनि बाटोकै कारण भएका हुन् ।

सन् २०१०मा डोजर सुरी गाउँको तलदेखि माथिसम्म पुगेको थियो । यो "ग्रामीण पहुँच सडक" एक निजी कम्पनीले बनाएको हो जसले मध्यम खालको विद्युतीय परियोजना बनाउन लागेको छ ।[10] तीन प्रभावित गाविसलाई भर्पाईको रु पमा बाटो पनि बनाइने भएको छ । सुरीका धेरै बासिन्दाको सिंगटी, चरिकोट, काठमाडौं लगायत बाहिरी दुनियाँसँग जोडिने सपना छ । बाटो बनाउने क्रममा जसको जग्गा मासिएको छ उनीहरु भने खुसी छैनन् । तर यी बाटोहरु कसर ी बन्ने हुन् र कहाँबाट आउने हुन् र मुआब्जा नपाउने हुनाले र सडक बन्ने हो कि होइन भन्ने प्रश्न पनि उठ्छ । यदि बनी नै हाले पनि सन् २०१३ सम्म बन्ने भनिएको तामाकोशीसँग जोडिने पुल नबनेसम्म यस बाटोको केही महत्व हुने छैन । तर त्यो पुल बनेपछि यहाँ धूलो उडाउँदै, हर्न बजाउँदै गाडी गुड्न थाल्नेछन् । यहाँको शान्त वातावरण आजको जस्तो रहने छैन तर पक्कै पनि सडकले ल्याउने अवसरलाई नकार्न भने सकिदैन ।

यहाँ देखिएको अर्को परिवर्तन भनेको मानिसहरुको समयप्रतिको विचार पनि हो । सुरीका मानिसहरुको जीवनलाई बाँध्ने अर्को पक्ष भनेको समयलाई हेर्ने तरीका हो ।[11] पहिले उज्यालो हुँदाको समय मात्रै महत्वपूर्ण थियो । म भने जति खेर पनि समयलाई ध्यान दिइरहन्थे । घडीले पनि मानिसको दर्जा देखाउँथ्यो त्यसैले विशेष अवसर वा गाउँबाट बाहिर जाँदा मात्रै लगाइन्थ्यो । धेरैसँग घडी थिएन र उनीहरुलाई हेर्न पनि आउँदैनथ्यो र केहीले मात्रै सधैं लगाउँथे । आजकल मानिसहरु कति बज्यो भनेर भन्छन् र सबैको हातमा घडी पनि छ । आजकल छलफल हुँदा समयमा नै पुग्न खोज्छन् र कोही ढिला भयो भने राम्रो मान्दैनन् र त्योभन्दा पनि उनीहरु आजकल महँगो भए पनि समय बचाउन नजिकैको पसलमा सामान किन्छन् । पहिले मधुसूदन आचार्यको मात्रै धेरै सामान नभएको पसल थियो भने अहिले १२ वटा ससाना पसल सुरीभरि नै छन् । यी पसलहरु सबै मागका अनुसार नै खोलिएका हुन् किनकी मानिसहरुले अब समयको महत्व बुझिसकेका छन् ।

बीस वर्षअघि मैले सुरीका गाउँलेसँग उनीहरुको भविष्यका बारेमा केही सोधेकी थिइनँ । यसपालि मैले मिलेसम्म उनीहरुको भविष्यकाबारेमा सोधें । मैले जसलाई सोधें उनीहरु सबैले केही न केही कुराबाट मेरो अध्ययनमा पहिले पनि भूमिका खेलेका थिए र अहिले उनीहरु तीनवटै ठूला राजनैतिक पार्टीसँग आबद्ध छन् ।[12]



पक्कै पनि केही आशावादी छन् भने केही निराशावादी । तर सबैको कुरा भने "यदि शान्ति रहिरह्यो भने..... "बाट नै सुरु हुन्छ । कोही पनि द्वन्द्वतिर फर्कन चाहँदैनथे तर सबै फेरि द्वन्द्व हुन्छ कि भनेर डराएका पनि छन् ।[13]सन् २००७मा चुनाव पछि आएको हर्ष अहिले अड्केको संविधानसभाले गर्दा राजनैतिक गतिरोधले गर्दा फेरि प्रश्न उठ्न थालेको छ ।[14]

आशावादीहरु अझै पनि गाउँमा केही विकास हुनेमा विश्वस्त छन् । ग्रामीण सडक तथा अहिले आएको बिजुलीलाई र ाम्रो अवसरका रुपमा लिइएको छ । बिजुलीले ल्याउने एउटा अर्को विकासको उदाहरण घरघरमा कम्प्युटर हुन सक्छ जसले गाउँलाई विद्युतीय संचारबाट बाहिरी दुनियाँसँग जोड्ने छ । उनीहरु शिक्षालाई विकासको पूर्वाधार मान्छन् र शिक्षाले स्थानीय अवस्था र अर्थतन्त्रलाई सुधार्नेमा पनि विश्वस्त छन् । शिक्षित स्थानीय बासिन्दाले गाउँमा नै स्थानीय श्रोतबाट विभिन्न उपभोग्य वस्तुको खेती तथा प्रशोधन गर्नेछन् । कृषिजन्य कामका लागि सजिलै निवेश र उच्चस्तर को बीऊबिजन पाइनेछ । स्वास्थ्य सेवामा पनि सुधार आउने भएकाले मानिसहरु गाउँको वातावरणको प्रशंसा गर्नेछन ्। उनीहरु बताउँछन् -जीवनयापनका लागि सहरभन्दा गाउँ उपयुक्त हुँदै जानेछ ।

स्थानीयस्तरमा बढेका रोजगारीका अवसरलाई यी सपनासँग जोडिन सकिन्छ । यदि गाउँमै काम भए मानिसहरु यहीं बस्छन् र बसाईंसराईंको क्रम पनि घट्नेछ । धेरैको विचारमा अबको दस वर्षमा बसाईंसराईंको क्रम पनि पूरै नै घट्नेछ । माथि उल्लेख गरिएको कुराहरुलाई कल्पना मात्र मान्ने पनि धेरै छन् तर सबै आशावादीका अनुसार सडकले विभिन्न ठाउँसँग जोड्ने, रोजगारका अवसर बढाउने, स्थानीय पसल खुल्ने र स्कूल र स्वास्थ्यको स्तर बढ्नेमा भने दुई मत देखिएन । उनीहरु आफूपछि आउने पुस्ताको जीवन आफ्नोभन्दा सजिलो हुनेमा विश्वस्त छन् ।

निराशावादीहरु भने बीस वर्षपछि आफू सुरीमा हुने नहुने दोधारमा छन् तर धेरैका अनुसार उनीहरु त्यहाँ हुँदैनन् । उनीहरु आफूलाई सहरमा देख्छन्, काठमाडौं भए राम्रो । उनीहरु सहरी जीवन सजिलो तथा शिक्षा र स्वास्थ्यमा सजिलो पहुँच भएको बताउँछन् । जागिर पाउनु सबैको सपना हो । उनीहरुका अनुसार गाउँमा यति धेरै निराश युवा छन् कि द्वन्द्वमै फर्कन केही समय लाग्दैन । उनीहरु पनि सडक तथा बिजुलीको आपूर्ति राम्रो हुनेमा आशावादी छन् । तर पनि गाउँ पछाडिको पछाडि नै हुने र पाखाहरु भिरालोको भिरालो हुने र खेत खन्ने र गाईवस्तु पाल्ने तरीकामा भने कुनै फरक नआउने उनीहरुले बताए । गाउँमै बस्नेहरुसँग केही उपाय नहुने र केही गर्न नसक्नेहरु गाउँमै बस्ने र बाठाहरुले गाउँ छोड्ने बताए ।

सुरी लगायत नेपालका अन्य गाउँमा आज मानिसहरु यही दुई परिवेशमा बाँडिएका छन् । पूर्वाधार तथा रोजगारको स्थितिमा आउने सुधार पनि दुई विचारधारामा बाँडिएका छन् । नेपालमा युवाका लागि रोजगार त्यत्ति सजिलो छैन किनकी एस्.एल्.सी दिएका विद्यार्थीको संख्या पहिलेको दाँजोमा ह्वात्तै बढेको छ । उनीहरुको सपना भनेको पक्कै पनि कुटो कोदालो होइन । अहिलेको चुनौती भनेको रोजगार बढाउनु हो र त्यसमा पनि अलि पढेलेखेका लागि गाउँमै काम सिर्जना गर्न मुश्किल पर्छ ।

सुरीका मानिसमा सजिलै देखिने परिवर्तन भनेको उनीहरु आज आफ्नो स्वतन्त्रताका बारेमा बढी जागरुरक छन् ।[15] यहाँ केही गर्न नसक्ने मात्रै गाउँमा बस्छन् भन्ने पत्याउन सजिलो छैन किनकी केही भौतिक सुखभन्दा पनि जमिन, परिवार र आफ्नो ठाउँसँग जोडिएको भावुकताले गर्दा त्यही नै बस्नेछन् । यी कुरा विशेषगरी जनजातिमा लागू हुनेछ र क्षत्री, नेवार तथा दलितहरु सहरी जीवनप्रति बढी आर्कषित हुन्छन् । इतिहासलाई हेर्ने हो भने पनि यी जातका मानिसहरु जनजातिभन्दा पछि सुरी आएका थिए र यहाँबाट जाने क्रमले यही चक्रलाई निरन्तरता दिएको हुनसक्छ । तर यी सब कुराहरु नयाँ नेपालको सपना र शान्ति कुन बाटोतर्फ जान्छ भन्ने कुराले पनि निर्धारण गर्छ ।

सबैभन्दा लामो समयसम्म काम गरेको संस्था स्वीस विकास सहयोगले के दोलखामा सकरात्मक परिवर्तन ल्याउन सकेको छ भन्ने प्रश्न धेरै सोधिन्छ । नेपाल द्वन्द्वको चपेटामा फस्नुलाई दातृ निकायहरुको असफलता मानिनुपर्छ भनेर स्वीस संसद्मा प्रश्न पनि उठाइएको थियो । नेपालमा थुप्रै दातृ निकायहरु काम गरिरहेका हुँदा विदेशी सहयोगको प्रभाव कस्तो रहेको छ भनेर केलाउने प्रक्रिया अनुचित भने होइन । विदेशी सहायताले राम्रोभन्दा नराम्रो परिणाम बढी ल्याएको छ भनेर वकालत गर्नेको संख्या धेरै छ ।[16] यो मुद्दा केलाउन त्यत्ति सरल छैन किनकी विदेशी सहायता सबै एकै प्रकारका छैनन् । पारदर्शीता नभई चलाइने यस्ता कतिपय कार्यक्रमले पक्कै पनि हानि पुर ्याएका छन् तर कतिले भने सकरात्मक परिवर्तन ल्याएको कुरालाई नकार्न सकिन्न । अहिलेको चुनौती भनेको गल्तीबाट सिकेर त्यसलाई कार्यान्वयन गर्नु हो ।

नेपालको विदेशी सहायतालाई हेर्ने हो भने सबैले आफू गैर राजनीतिक भएको बताउँछन् । यसबाट पनि उनीहरु कुन पद्धतिबाट काम गर्नेछन् भन्ने कुरा निर्धारण गर्दछ । स्वीस विकास सहयोगले ग्रामीण पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा प्र ाकृतिक श्रोतमा काम गर्ने निर्णय गर्‍यो र कार्यक्रम चलायो । गरिबीको कारण आर्थिक स्थिति मात्रै नभई सामाजिक भेदभाव र चालचलन पनि हो भन्ने निष्कर्ष नेपालको विकासका क्षेत्रमा काम गरेका साथीहरुले निकाले । सन् १९९० को सुरुवातमा सामाजिक चालचलनका बारेमा कुरा गर्नु वा खुलेर एउटा समूहलाई मात्र मद्दत गर्नु सजिलो थिएन । त्यसैले यो पुल, सडक, स्कूल,स्वास्थ्य चौकीले कसलाई सजिलो हुन्थ्यो वा प्रमुख किसान को हुनेछ वा सामुदायिक वन उपभोक्ता समितिमा को को हुनेछन् भन्ने संवेदनशीन प्रश्नहरु चतुर्‍याईंका साथ उठाइनु पर्थ्यो ।

खासमा अहिले विकासको अनुभव र बढेको राजनीतिक चेतनाले गर्दा यी प्रश्नहरु सोध्न सजिलो भएको छ । विगतलाई केलाउँदा भने धेरै पटक सामन्ती परिवार नै विकास कार्यक्रमका प्रमुख लक्षित समूह पनि बन्न पुगेका र हेछन् ।[17] एकदमै गरीब वा पिछडिएकासम्म विकासका कार्यक्रम नपुगेको होइन तर थोरै मात्र पुगेको थियो र केहीको मात्रै जीविकोपार्जनमा नराम्रो असर पुगेको पनि थियो । त्यसैले यसलाई पनि द्वन्द्व निम्त्याउने कारक तत्वका रुपमा लिएर छलफल गर्न बाँकी नै छ । माओवादीको नेपालमा समानता ल्याउन चालिएको अभियानपछि गएर अर्कै रुप लिए पनि त्यसमा पनि गरीब र पिछडिएकाले नेतृत्व गरेका थिएनन् । मानिसको मनमष्तिष्कमा समतावाद र आत्मसम्मानको बीऊ रोप्नुमा विकास कार्यक्रमको ठूलो भूमिका रहेको छ ।

दोलखाको विकासको कुरा गर्ने हो भने स्वीस विकास सहयोगको कामलाई नजरअन्दाज गर्न मिल्दैन सस्तो बीऊ बिजन, कृषिका साधन तथा बाह्य बजार तथा रोजगारीका अवसरहरुमा पनि स्वीस विकास सहयोगले बनाएको काठमाडौं जोड्ने सडकले उनीहरुको विभिन्न कुरामा पहुँच बढाएको छ । स्वास्थ, कृषि, वन व्यवस्थापन तथा ग्रामीण पूर्वाधारका विकासमा पनि विदेशी सहयोग पाएका जिल्लाले नपाएका जिल्लाभन्दा राम्रो गरिरहेका छन् । स्वीसको ठूलो योगदान भनेको त्यहाँका मानिसहरुको क्षमता वृद्धिमा गरेको काम हो जस्तै नयाँ तालिम, छात्रवृत्ति वा नयाँ विचारसँग परिचय गराउनु नै हो । सन् १९९०को मध्यदेखि यस्ता क्षमता वृद्धिका कार्यक्रमहरु महिला तथा पिछडिएका जातका मानिसहरुका लागि लक्षित गरिएको थियो । खासमा यस्ता कार्यक्रमहरुको यी समूहममाथि कस्तो प्रभाव पर्नेछ भनेर पहिले नै मूल्याङ्कन गरिन्थ्यो । यसको परिणाम भनेको धेरै महिला र पुरुषले अहिले आफूले नै रोजेर आफ्नो भविष्य निर्धारण गर्नसक्ने क्षमतामा पुगेका छन् जुन यी कार्यक्रमको अभावमा सायदै हुन्थ्यो ।

सुरीका गाउँलेको वा नेपालका अरु गाउँको कुरा गर्ने हो भने उनीहरुको भविष्य धेरैजसो नेपालको राजनीतिक गतिविधिले निर्धारण गर्नेछ । त्यसको साथसाथै अन्तर्राष्ट्रिय अवस्थासँग पनि जोडिएको छ । बजारभाउको असन्तुलन, बढ्दो उपभोक्तावाद र जलवायु परिवर्तनको मारबाट अछूतो रहनसक्ने अवस्था छैन । तर पनि गाउँलेहरुले यसलाई कसरी प्रतिक्रिया दिन्छन् यो उनीहरुको हातमा छ र आज उनीहरु आफ्नो भविष्य बनाउन आफै लालायित छन् त्यसैले पनि उनीहरुको यो कदमलाई महत्वपूर्ण मान्नुपर्छ ।



नोट

[1] यस स्कूललाई दुई वर्षअघि नै एस्.एल्.सीमाथि पढाउने अनुमति दिइसकेको थियो तर रेजिष्ट्रेशनमा समय लागेकाले उनीहरुले अर्को स्कूलबाट परीक्षा दिएका थिए

[2] मैले सकेसम्म यसमा विकासका क्षेत्रमा प्रयोग हुने शब्दहरु प्रयोग गरेकी छुइनँ तर यी सब शसक्तिकरणका उदाहरण हुन् ।उदाहरणका लागि Eyben, R, Kabeer, N. and Cornwall, A. (2008) Conceptualising empowerment and the implications for pro-poor growth" A paper for the DAC Poverty Network, Institute of Development Studies, Brighton, Sussex, UK मा भनिएका

[3] जेन सेचेरेरले सन् १९७० को अन्त्य र १९९०मा दोलखा र काभ्रे पलाञ्चोकमा गर्नु भएको अछुतकाबारेमा गर्नुभएको अध्ययनमा अझै चकित व्यवहारहरु भेटेको बताउनुभएको छ । "हामीलाई केही पनि चाहिँदैन, हामी नजिक नआउनुहोस्, हामी अझै दु:ख भोग्न चाहँदैनौं" Sacherer, J. (1990). Opinions and Perceptions Survey Rapid Rural Appraisal of IHDP/LJRP Impacts in Southern Panchayats of IHDP area and quantitative time series of Kavre SDC/INFRAS Impact Monitoring LJRP/ IHDP.

[4] अध्याय सातमा भनिएको जस्तै दाजुभाइहरु आफ्नी दिदीबहिनीको चाँडै बिहे गरिदिन आतुर हुन्छन् किनकी बिहेपछि पैतृक सम्पत्तिमा दिदीबहिनीको हक रहँदैन

[5] द्वन्द्व पछिको समयमा सरकारले अल्पसंख्यकलाई विशेष सुविधा दिएको छ । सुनुवार होइन सुरेल मात्रै यस्ता फाइदा पाउँछन् । सेप्टेम्बर २०१० को तथ्याङ्क अनुसार हरेक महिना हरेक व्यक्तिलाई रु १,००० दिइएको थियो जुन गाउँको लागि ठूलो रकम हो । सुरीका गाविस सचिवका अनुसार नागरिकता परिवर्तन भएकाले उनको कामको भार निकै बढेको बताएका थिए ।

[6] सुनुवार र सुरेलका भाषा उस्तै भए पनि फरक छ । डोरटे बोर्चससँग गरिएको कुराकानी अनुसार सुरीका बूढाहरु सुरेल बोल्न सकछन् तर यो भाषाको पूर्ण प्रयोग भने भएको छैन । तर सुरेलहरुमा आएको आफ्नो परिचय बनाउने
लहरले उनीहरुको भाषाको प्रयोगमा केही फरक नआउने उनी बताउँछिन् किनकी नयाँ पुस्ता सही रुपमा आफ्नो भाषा प्रयोग गर्न सक्दैनन् । http://www.himalayanlanguages.org/?q=team/dorte_borchers मा हेर्नुहोस्

[7] यसका सदस्यहरु विशेषगरी नातेदार नै हुन्छन् । तर अरु जातका पनि सदस्य हुन सक्छन् । जो उनीहरुकै छिमेकी हुन् । तामाङ्ग परिवारले महिनाको रु १० जम्मा गर्छन् भने सुरेलले रु २ मात्रै गर्छन् ।

[8] अहिले भर्खरै गरिएको शोध अनुसार नजिकैका जिल्ला रामेछाप र खोटाङ्गमा ७५ प्रतिशत घरधुरी ऋणमा डुबेका छन् । त्यसको साथसाथै चिनेजानेकासँग ऋण लिने प्रक्रियाबाट यी जिल्ला पनि अछुतो छैनन् । यिनमा पनि सबैभन्दा बढी ऋण तिर्न नसक्ने समस्या धेरै गरीब घरहरुको नै छ । ऋण तिर्न नसक्दा हुने सामाजिक बेइज्जतीबाट बच्न पनि उनीहरु चिनेकासँग बढी ब्याज दरमा ऋण लिन विवश छन् । हेर्नुहोस् Chhetri, Ram B. and Timsina, Netra P. (2010) A Study on Indebtedness: Magnitude, Causes and Its Effect on Development Interventions Environmental Resources Institute, Satdobato, Lalitpur P.O. Box 12207, Kathmandu. In Bangladesh and India, where micro-credit schemes for the poor are highly developed and indeed big business, there is increasing concern about ready credit leading to multiple debts.

[9] टिभीका प्रभावका बारेमा बिस्तृत रुपमा लेखिएको Critchfield, R (1994) The villagers Changed values, altered lives: the closing of the urban-rural gap Anchor Books, USA: 435-446.

[10] युनिभर्सल पावर कम्पनीले तल्लो खारे खोला विद्युतीय परियोजना -जसले सन् २०१३ मा काठमाडौंमा बिजुली आपूर्ति गर्नेछ । सरकारी आँकडा अनुसर यसले प्रति ईकाई ४,४०० किलोवाट दिनेछ । ई.बल राम श्रेष्ठका अनुसार समुदायको अनुरोध तीन प्रभावित गाविस सुरी, चन्खु तथा खारेका बासिन्दालाई कम्पनीमा शेयर दिइन्छ । तर सुरीका बासिन्दाले शेयरको सट्टा बाटोको माग गरेका थिए । यस कम्पनीले गाविसको सहयोग अति गरीब स्थानीय बासिन्दालाई काम पनि दिएको छ ।

[11] गर्मी महिनामा दिन लामो हुन्थ्यो र महिलाहरु लगभग बिहानको ४ बजे नै उठथे र खेतमा काम गर्थे र करिव २२.०० बजे सुत्थे । जाडो भने पुरुषहरु लामो समयसम्म सुतिरहन्छन् करिव १९.०० बजे सुतिसक्छन् । तर महिलाको लागि भने यो सम्भव थिएन । उनीहरु बिहान रसाँझ अँधारोमै पिठो पिंध्ने तथा अन्य काममा लाग्थे किनकी मै नबत्तीको लागि पैसा लाग्थ्यो ।

[12] लाल बहादुर खड्का (एमाले), रमेश खड्का (माओवादी), राम बहादुर खड्का (काँग्रेस) ले मलाई आफ्ना विचार हरु सुनाएका थिए । अरुमा राधिका आचार्य, जगत कार्की, रुक्मणी कार्की, वीरमाया सुरेल, पद्मबहादुर सुरेल, शुक्रबार शेर्पा तथा पद्मबहादुर तामाङ्ग

[13] नेपालमा शान्तिको चाहनालाई Overseas Development Institute, **Jones, N. with Bhatta, B.; Gill, G.; Pantuliano, S.; Singh, H. B.; Timsina, D.; Uppadhaya, S.; and Walker, D. (2009)** *Governance and citizenship from below: Views of poor and excluded groups and their vision for a New Nepal* ODI Working Papers 301, May 2009 http://www.odi.org.uk/resources/details.asp?id=3289&title=governance-citizenship-nepalउजागर गरिएको छ

[14] पार्टीगत विवादले गर्दा शान्तिप्रक्रिया अघि बढ्न सकेको छैन र सन् २८ मे, २०११ मा पनि संविधान आएन

**15** हेर्नुहोस् See Sharma, J.R. and Donini, A., 2010 Towards a Great Transformation? The Maoist Insurgency and Local Perceptions of Social Transformation in Nepal. Feinstein International Center, https://wikis.uit.tufts.edu/confluence/pages/viewpage.action?pageId=37721240

[16] हेर्नुहोस् See for example Easterly, W. 2006, The White Man's Burden; Why the West's Efforts to Aid the Rest have Done So Much Ill and so Little Good, Penguin Press, or Shah, A. http://www.globalissues.org/article/35/foreign-aid-development-assistance

[17] यसलाई आधिकारिक रुपमा पुष्टि गरिएको थियो : This was specifically acknowledged by the official heading the Asia desk of SDC at the time, Paul Eckert, who was quoted in June 2002 as saying "For instance, one of the important causes [of the conflict] is that governance in Nepal has failed in the sense that the minorities have not had access to the fruits of development work and have been partly excluded from the political system." http://www.swissinfo.ch/eng/Home/Archive/Development_agencies_debate_Nepal_conflict.html?cid=2776604